# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७३) काठमाडौं, साउन ५ गते, २०८० साल (अतिरिक्ताङ्क १६


## भाग ४

### नेपाल सरकार

### प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको

### सूचना १

मानननीय वन तथा वातावरण मन्त्री श्री वीरेन्द्रप्रसाद महतो निजी कामको सिलसिलामा संवत् २०८० साल साउन ५ गते भारतको नयाँ दिल्ली प्रस्थान गर्नु हुने भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनु भएको वन तथा वातावरण मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीले माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री श्री अशोककुमार राईले सम्हाल्ने गरी तोक्नु भएकोले यो सूचना प्रकाशन गरिएको छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना २

माननीय कृषि तथा पशुपन्छी विकास मन्त्री डा. बेदुराम भुसाल इटालीको रोममा आयोजना हुने United Nations Food Systems 2023 Stocktaking Moment कार्यक्रममा सम्माननीय प्रधानमन्त्रीले नेतृत्व गर्नु हुने प्रतिनिधमण्डलको सदस्यको रूपमा सहभागी हुने संवत् २०८० साल साउन ६ गते त्यसतर्फ प्रस्थान गर्नु भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनु भएको कृषि तथा पशुपन्छी विकास मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीले माननीय उपप्रधानमन्त्री एवम् गृह मन्त्री श्री नारायणकाजी श्रेष्ठले सम्हाल्ने गरी तोक्नु भएकोले यो सूचना प्रकाशन गरिएको छ।

## सूचना ३

माननीय भौतिक पूर्वाधार तथा यातायात मन्त्री श्री प्रकाश ज्वाला जापानमा आयोजना हुने Japan International Cooperation Agency (JICA) Official सँगको उच्चस्तरीय बैठकमा सहभागी हुन संवत् २०८० साल साउन ७ गते त्यसतर्फ प्रस्थान गर्नु हुने भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनु भएको भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीले माननीय सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्री श्री अमनलाल मोदीले सम्हाल्ने गरी तोक्नु भएकोले यो सूचना प्रकाशन गरिएको छ।

**आज्ञाले,**

**उदयराज सापकोटा**

**नेपाल सरकारको सचिव ।**



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू.५।-
गो.हु.द.नं. १६।२०६२।६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।